# वित्तीय जानकारी इकाई प्रमुखमा वासुदेव भट्टराई नियुक्त

नेपाल राष्ट्र बैंकका निर्देशक वासुदेव भट्टराई मिति २०८१ कार्तिक १ गतेबाट सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ९ को उपदफा (२) बमोजिम वित्तीय जानकारी इकाईको प्रमुखको रुपमा नियुक्त हुनु भएको छ । नवनियुक्त इकाई प्रमुख भट्टराईलाई इकाईका कर्मचारीहरुले उहाँकै कार्यकक्षमा स्वागत गरेका थिए । स्वागत कार्यक्रममा मन्तव्य दिँदै इकाई प्रमुख भट्टराईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयमा इकाईले खेलिरहेको भूमिकाको प्रशंसा गर्दै आफ्नो कार्यकालमा गोएएमएलमा सूचक संस्थाहरुको थप आवद्धता तथा रिपोर्टिङ्ग, सूचनाको विश्लेषण तथा कानून कार्यान्वयन गर्ने निकायमा सूचनाको प्रवाह, पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझावहरुको सफल कार्यान्वयन लगायतका कार्यहरुका लागि सबै सरोकारवालाहरुसँग थप समन्वय गर्ने बताउनु भयो । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले नवनियुक्त इकाई प्रमुख भट्टराईलाई पुष्पगुच्छा, खादा र ढाकाटोपीले स्वागत गर्दै कार्यकालको पूर्ण सफलताको लागि शुभकामना दिनु भएको थियो ।



नवनियुक्त इकाई प्रमुख वासुदेव भट्टराईलाई इकाईमा स्वागत गर्दै उप-निर्देशक स्वरुप श्रेष्ठ




निवर्तमान इकाई प्रमुख दीर्घ बहादुर रावललाई बिदाई गर्दै उप-निर्देशक केशव प्रसाद रिमाल

यसअघि निवर्तमान इकाई प्रमुख दीर्घ बहादुर रावललाई मिति २०८१ असोज ३० गते इकाईद्वारा बिदाई गरिएको थियो । बिदाई कार्यक्रममा मन्तव्य राख्दै आफ्नो कार्यकालमा इकाईका सम्पूर्ण कर्मचारीहरुबाट पूर्ण सहयोग पाएको र महत्वपूर्ण उपलब्धिहरु हासिल गर्न सफल भएको रावलले बताउनु भएको थियो । इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले निवर्तमान इकाई प्रमुख रावललाई इकाईका कर्मचारीहरुको तर्फबाट मायाको चिनो, खादा र ढाकाटोपीले बिदाई गर्दै नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको निर्देशकको रुपमा समेत सफल कार्यकालको शुभकामना दिनुभएको थियो ।

इकाईका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको उक्त स्वागत तथा बिदाई कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक खिलनाथ दाहालले गर्नुभएको थियो ।